# मादी गाउँपालिका

# स्थानीय राजपत्र

मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ०७ मंसिर १४ गते, २०८२ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८२ सालको कार्यविधि नं. ७

### चिस्यान केन्द्र सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/१४

**प्रस्तावना**

कास्की जिल्ला मादी गाउँपालिका भित्र उत्पादित कृषि उत्पादनलाई गुणस्तर कायम राख्दै बजारमा मूल्य बढी प्राप्त गर्न र उपभोक्ताहरुलाई पनि स्वस्थकर कृषिवस्तु पुर्याउन मादी गाउँपालिकाको मुख्य हाट बजारस्थल भगवती टारमा चिस्यान केन्द्र निर्माण गरिएको छ। यसले गर्दा समग्र किसानहरूको आयआर्जन वृद्धिमा टेवा पुर्याउनुको साथै व्यापारी तथा उपभोक्ता सबैलाई फाइदा पुर्याउने उद्देश्यले मादी गाउँपालिकाकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ तथा मादी गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मादी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यबिधि तयार गरी लागु गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१संक्षिप्त नाम र प्रारम्भः (**

कचिस्यान केन्द्र सञ्चालन कार्यविधि" यस कार्यविधिको नाम (, २०८२रहेको छ । "

(ख यो कार्यविधि (मादी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२विषय वा प्रस : **परिभाषा (**ङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

कभन् "गाउँपालिका" (नाले मादी गाउँपालिकालाई सम्झनुपर्दछ ।

खभन "अध्यक्ष" (्नाले मादी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

गउपाध्" (यक्षभन "्नाले मादी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ" (प्रमुख प्रशासकिय अधिकृतभन् "नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

ङ" (कृषि अधिकृत" भन्नाले मादी गाउँपालिकाको कृषि अधिकृत सम्झनुपर्दछ।

च" (कृषिजन्य वस्तु "भन्नाले कृषकहरुले उत्पादन गरेको पशुपंन्छीजन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डारण गर्न सकिने उत्पादन जस्तैः आलु, प्याज, अदुवा, बेसार तथा फलफुल लगाएतका कृषिजन्य उत्पादन बुझ्नु पर्ने छ ।

छभन् "कार्यक्रम" (नाले सङ्घीय सरकार, प्रदेश सरकार र मादी गाउँपालिकाको संयुक्त लगानीमा निर्माण भएको चिस्यान केन्द्र )Cold Storage) संचालन कार्य सम्झनु पर्दछ ।

ज" (चिस्यान केन्द्र "भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना) कोल्ड स्टोर (सम्झनु पर्दछ ।

झभन् "समिति" (नाले मादी गाउँपालिका चिस्यान केन्द्र सञ्चालक समिति सम्झनु पर्दछ ।

ञशुल्क भन्" (नाले चिस्यान केन्द्र उपयोग गरे "वापत उपभोक्ता वा लाभग्राहिले समितिलाई बुझाउने शुल्क सम्झनु पर्दछ ।

## परिच्छेद२ -

## चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन

**३ चिस्यान केन्द्र (सञ्चालनका उद्देश्यहरु:**

मादी गाउँपालिका

ककृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने । (

ख( कुनै कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धिसहित बजारको मागअनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

गकृषि उपजको बजारीकरणलाई सहज तुल्याउने। (

घयस क्षेत्रका कृषकहरुल (ाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरी कृषि उत्पादन तर्फ कृषकलाई आकर्षित गराउने।

**४ चिस्यान केन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः (**

यस (१)चिस्यान केन्द्र सञ्चालनको लागि मादी गाउँपालिकाको क्षेत्र भित्रका स्थानीय सहकारी, कृषि समूह तथा निजी क्षेत्रमध्ये कुनै एक निकायलाई प्राथमिकता दिइनेछ। चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय छनोट गर्दा तथा चिस्यान केन्द्र सम्बन्धी अन्य अनुगमन तथा नियमनको लागि सञ्चालक समितिले आवश्यक कार्यहरु गर्ने छ ।

मा जुनसुकै कुरा लेखिएपनि चिस्यान के १ उपदफा (२)न्द्रको सञ्चालन गर्न कुनै छुट्टै बैकल्पिक निकाय स्थापित नभएसम्मका लागि चिस्यान केन्द्र सञ्चालक समितिले चिस्यान केन्द्रको व्यवस्थापन तथा सञ्चालनको काम गर्नेछ।

(३)उपदफा २ बमोजिम चिस्यान केन्द्र संचालक समितिले संचालन गरेमा चिस्यान केन्द्रको सञ्चालन र आय व्ययको प्रतिवेदन राख्नका लागि सञ्चालक समितिले आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्थापन गर्नेछ।

बमोजिम २ उपदफा (४)चिस्यान केन्द्र सञ्चालक समितिले संचाल गरे बापतको रकम सहित चिस्यान केन्द्रको आयव्ययको मादी गाउँपालिकाद्वारा वार्षिक लेखापरीक्षण गरिनेछ

)५चिस्या (न केन्द्रको नियमित मर्मत सम्भार, रेखदेख र सञ्चालनका लागि विद्युत लगायतका अन्य व्यवस्थाहरु सञ्चालकले मिलाउनुपर्नेछ।

)६चिस्यान केन्द्रको अधिकतम प्रयोग गरी कृषि उत्पादनको मूल्य अभिवृद्धि गर्न ( बजारीकरण तथा सचेतना प्रवर्धनको लागि सञ्चालकले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

**५चिस्यान केन्द्रमा लाग्ने शुल्क सम्बन्धी व्यवस्थाः (**

मादी गाउँपालिका

१चि (स्यान केन्द्रमा सामग्री राखे बापतको शुल्क बजार मुल्य अनुसार सञ्चालक समिति र चिस्यान केन्द्र सञ्चालकको सहमतिमा निर्धारण गर्नेछ ।

२ (चिस्यान केन्द्रमा सामान राख्दा स्थानीय कृषकको उत्पादनलाई प्राथमिकता दिईनेछ।

३यसरी सामान राख्दा लामो समय भण्डारण गर्ने कृषक तथा व्यापारी भन्दा छोटो ( छोटो समय भण्डारण गर्ने कृषक तथा व्यापारीलाई प्राथमिकता दिईने छ ।

४ (चिस्यान केन्द्रमा राख्ने कृषि सामग्रीको ग्रेडिङ, प्याकेजिङ लगायत सो वस्तु राख्न मिल्ने हो होइन भन्ने संचालक समितिले कृषि कर्मचारी मार्फत गर्नेछ ।

५कृषि सामग्रीको भण्डारण पूर्व तयारी बारे प्रयोगकर्तालाई जानकारी गराइनेछ । (

**६चिस्यान केन्द्र (को व्यवस्थापन सम्बन्धि व्यबस्थाः**

(१) कृषि उत्पादित वस्तु राखिसकेपछि त्यसको व्यवस्थापन रेखदेख, मर्मत र निस्केको फोहोर व्यवस्थापनको जिम्मेवारी चिस्यान केन्द्र संचालकको हुनेछ ।

सामानको प्रकृति जात गुणस्तर र परिमाणको यकिन गर्ने सम्पूर्ण अधिकार (२)चिस्यान केन्द्र सञ्चालन समितिलाई हुनेछ ।

चि (३)स्यान केन्द्रमा सामान राख्नु पूर्व अनुसूची- १ बमोजिमको फारम भरेर भण्डारण गरिनेछ र सामान धनीलाई सोको कोड नम्बर उपलब्ध गराइनेछ ।

)४( चिस्यान केन्द्र भित्र सामान राख्दा कोडिङ सिस्टमको प्रयोग गरी क्यारेट वा बोरीमा राखिनेछ। जस अन्तर्गत ट्याग वा लेबलको व्यवस्था पनि गर्न सकिनेछ।

**७चि (स्यान केन्द्र परिचालनका प्रक्रियाहरूः**

(१) व्यापारी तथा कृषकहरूले चिस्यान केन्द्रमा आवश्यक विवरण भरे पश्चात मात्र सामान राख्न ल्याउन सक्नेछन्, यसरी ल्याएको सामान अपरेटरले राख्न योग्य हो होइन सोको निर्धारण गरी निर्णय गर्नेछ।

भण्डारण कक्षमा प्राविधिकबाट सामाग्रीहरुको नियमित अनुगमन र रेखदेख (२)गरिनेछ ।

(३)सामान कति दिनमा प्राप्त गर्ने हो सोको जानकारी एक दिन अगावै कोल्ड स्टोर अपरेटरलाई गराउनुपर्नेछ। पहिले नै कति दिन भण्डारण गर्ने हो दर्ता फार्ममा उल्लेख

गरिएको हुनु पर्नेछ भने सामान बाहिर निकाल्दा लागेको दस्तुर सञ्चालकको खातामा उपयोगकर्ताले जम्मा गर्नु पर्नेछ ।

(४) चिस्यान केन्द्र अपरेटरलाई लगत नियन्त्रण गर्न अपनाउनुपर्ने विधिहरू सम्बन्धमा समय समयमा विज्ञबाट तालिमको व्यवस्थापन सञ्चालकले मिलाउनेछ ।

)७( प्रविधि एकिकरण, निगरानी प्रणालीहरुमा तापमान, आद्रता र राखेको सामानको शुद्धता बारे नियमित अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**८वित्तीय व्यवस्थापन तथा शुल्कको अभिलेखिकरण सम्बन्धि व्य (वस्थाः**

१चि (स्यान केन्द्रमा सामान राखेबापत सामानको मात्रा र अवधिमा आधारित समय परिस्थिति सुहाउँदो चिस्यान केन्द्र सञ्चालक समितिले शुल्क तोकी अनुसूचीमा २- तोकियबमोजिम नगदि रसिद काटि जम्मा गर्नु पर्ने छ ।

२बमोजिम संकलन भएको सेवा शुल्क र गाउँपालिका लगायतका निकाय १ उपदफा ( तथा समितिको कोषबाट संकलन भएको रकमबाट चिस्यान केन्द्रको वित्तिय व्यबस्थापन गरिनेछ ।

**९जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाः (** चिस्यान केन्द्रमा कृषिजन्य वस्तु भण्डारण गरेपछि कृषकले फिर्ता नलिएसम्म कृषिजन्य वस्तुको जिम्मेवारी सञ्चालक समितको रहनेछ। कुनै कारणवश मालवस्तु क्षति हुन गएमा सञ्चालकले कानुन बमोजिम क्षतिपूर्ति तिर्नुपर्नेछ। सञ्चालकले भण्डारण गरिएको उत्पादित कृषि वस्तुको बीमाको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद३-

## छनौट तथा सम्झौता

**१०चिस्यान केन्द्र सञ्चालकको लागि छनोट गर्ने विधिः (**

मादी (१) गाउँपालिका भित्र रहेका कृषि सहकारी, कृषक समूह तथा निजी क्षेत्रहरुलाई प्रस्ताव पेश गर्नको लागि १५ दिनको लागि सूचना प्रकाशन गरिनेछ ।प्रथम पटक सूचना प्रकाशन गर्दा गाउँपालिका भित्र रहेका कुनैपनि कृषि सहकारीकृषक समुह तथा निजी क्षेत्रहरुको ,

मादी गाउँपालिका

प्रस्ताव पेश हुन नआएमा पालिका बाहिरकाकृषि सहकारी, कृषक समूह तथा निजी क्षेत्रहरू समेतले प्रस्तावना पेश गर्न सक्नेगरि पुनः दोस्रो पटक सूचना प्रकाशन गरिनेछ।

(२)यसरी प्रस्ताव पेश हुन आएका समूहहरु मध्ये खरिद सम्बन्धि कानून बमोजिम प्रस्तावनाको मूल्याङ्कनको आधारमा कुनै एकलाई सञ्चालक समितिबाट छनोट गरी चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा दिइनेछ ।

प्रस्तावान सम्बन् (३)धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

१ उपदफा (४),२ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि मादी गाउँपालिका संचालक समितिले चिस्यान केन्द्र सञ्चालन गरेको अवस्थामा उल्लेखित प्रावधानहरु लागु हुनेछैनन ।

११( **चिस्यान केन्द्र संचालकको योगयताः** चिस्यान केन्द्र सञ्चालनका लागि आवेदन पेश गर्ने आवेदकमा देहायको योग्यता हुनुपर्नेछ ।

कसहकारीको हकमा कृषि सहकारी दर्ता तथा नवीकरण (, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको तथा नियमित लेखापरीक्षण हुने गरेको ।

खकृषक समूहको हकमा दर्ता तथा नवीकर (ण, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको ।

गनिजी व्यवसायीको हकमा फर्म वा कम्पनी दर्ता तथा नवीकरण (, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको ।

१२( **सम्झौतामा समावेश गर्नुपर्ने आधारभूत विषयहरुः** यस परिच्छेद बमोजिम चिस्यान केन्द्र सञ्चालनको लागि छनोट भएको प्रस्तावदातासँग गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु समावेश गर्नुपर्नेछ ।

कसम्झौता रकम (,

ख सम्झौता अवधि कम्तिमा (५ वर्ष र बढीमा १० वर्ष हुने कुरा,

ग सम्झौता बमोजिम कार्य सम्पादन नभएमा सम्झौता नवीकरण नहुने र धरौटी (जफत गर्ने विषय,

घ प्रत्येक (२ वर्ष सम्झौता रकम वार्षिक १० प्रतिशत बढ्दै जाने कुरा,

ङसम्झौता बम (ोजिमको रकम मासिक रुपमा गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने कुरा ।

चपानी) चिस्यान केन्द्रको सञ्चालन खर्च (, बिजुली, सामान्य मर्मत, जनशक्ति व्यवस्थापन, सुरक्षा प्रबन्ध आदि (सञ्चालकले व्यहोर्नुपर्ने विषय,

छकृषकहरुलाई कृषि उपज भण्डार (णको लागि पहिलो प्राथमिकता दिनुपर्ने कुरा.

जचि (स्यान केन्द्र सञ्चालनको लागि गाउँपालिका वा यस गाउँपालिका अन्तरगतको वडाबाट कुनै आर्थिक सहायता वा कार्यक्रम उपलब्ध नहुने कुरा,

झ (गाउँपालिकाको अनुमतिमा चिस्यान केन्द्रको संरचना परिवर्तन गर्ने गरी कुनै भौतिक संरचना निर्माण भएमा संचालक स्वयंले सोको खर्च व्यवस्थापन गर्ने र सो संरचना सम्झौता समाप्त भएपश्चात् गाउँपालिकाको हुने कुरा,

ञसमितिले आवश्यक ठानेका अन्य विषय । (

**१३कार्यक्रम सम्झौता ( गर्ने प्रक्रियाः** छनोट भई आएको समूह, सहकारी वा निजी क्षेत्रलाई सात दिनभित्र चिस्यान केन्द्र संचालन सम्बन्धि सम्झौता गरिनेछ। यसरी सम्झौता पश्चात चिस्यान केन्द्र सञ्चालन गर्ने निकायले सम्झौताको शर्त तथा मापदण्ड पूरा गरी चिस्यान केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ४

## संचालक समिति तथा अनुगमन समिति

**१४ चिस्यान केन्द्र संचालक समिति सम्बन्धि व्यवस्थाः** (मादी गाउँपालिकामा रहेको चिस्यान केन्द्र संचालन तथा व्यवस्थापनको लागि गाउँपालिका अध्यक्षको संरक्षकत्वमा देहाय बमोजिमको ९ सदस्यीय केन्द्र व्यवस्थापन समिति गठन गरिने छ ।

सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य

कृषक समुहको प्रतिनिधि जना ३ -सदस्यजना महिला अनिवार्य १) )

गाउँ कार्यपालिकाले मनोनित गरेको गाउँ कार्यपालिका सदस्य तथा गाउँ सभा सदस्य — ४ जना सदस्य

कृषक समुहको ३ प्रतिनिधि मध्यवाट १ जना सदस्य सचिव -

१५ (**चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

कचिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा व्यवस्थापकीय विषयमा ( अध्ययन गरी कार्यपालिकालाई सिफारिस गर्ने,

खचिस्यान केन्द् (रको अनुगमन गरी प्रभावकारी व्यवस्थापनको लागि सञ्चालकलाई निर्देशन दिने,

गयस कार्यविधि अनुरुप चिस्यान केन्द्र सञ्चालन भए नभएको अनुगमन गरी सुधारका लागि ( निर्देशन दिने,

घकार्यालयबाट प्रस्ताव मूल्याङ्कन भई सिफारिस भएका योग्य प्रस्तावदाता छनोट गर्ने (,

ङचिस्या (न केन्द्र सञ्चालक छनौट प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन कार्यालयलाई निर्देशन दिने,

चचिस्यान केन्द्र सञ्चालनवापत बुझाउनुपर्ने न्यूनतम राजश्व निर्धारण गर्ने र औचित्यका ( आधारमा प्रत्येक पाँच पाँच वर्षमा चिस्यान केन्द्र सञ्चालनको न्यूनतम राजश्व पुनरावलोकन गर्ने,

छचिस्यान केन्द्र सवालन सम्बन्धमा कृपकहरुबाट प्राप्त गुनासाहरुको उचित सुनुवाई गरी ( समयमै निकास दिने, निर्देशन दिने,

जकृषक र चिस्यान केन्द्र सञ्चालकका बीचमा सिर्जना हुन सक्ने विवाद समाधानका लागि ( पहल गर्ने,

झयस कार्यविधि संशोधन गर्न आवश्यक ठान (ेमा संशोधन मस्यौदा तयार गरी कार्यपालिकामा सिफारिस गर्ने

१६( **चिस्यान केन्द्र अनुगमन समिति सम्बन्धी व्यवस्थाः** चिस्यान केन्द्र संचालन तथा व्यवस्थापनका सन्दर्भमा आवश्यक नीतिगत निर्देशन तथा व्यवस्थापन सम्बन्धी विषयहरु सम्बोधन गरि उद्देश्य अनुरुप संचालन गर्न देहाय बमोजिमको ५ सदस्यीय निर्देशक समिति गठन गरिनेछ ।

गाउँपालिका उपाध्यक्ष —संयोजक

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

आर्थिक विकास समिति संयोजक— सदस्य

प्राविधिक शाखा प्रमुख सदस्य -

कृषि शाखा प्रमुख — सदस्य सचिव

**परिच्छेद५-**

## विविध

**१७ प्रचलित कानुन बमोजिम (हुनेः** यस कार्यविधिमा छुटेका विषयवस्तुको विषयमा कुनै समस्या उत्पन्न भएमा मादी गाउँकार्यपालिकाको निर्णय अनुसार वा प्रचलित कानुन बमोजिम हुनेछ।

**१८ संशोधनः** (यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा शंशोधन गर्न सक्नेछ ।

**१९खारेजी र बचाऊः** ( यस कार्यविधि कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ भने कुनै बुदाँहरू प्रदेश कानुन र संघिय कानुन संग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ । साथै मादी गाउँपालिकाको गाउँकार्यपालिकाले आवश्यकताको आधारमा यो कार्यविधि खारेज पनि गर्न सक्ने छ ।

## अनुसुची १-

## दफासँग सम्बन्धित (३) ७-

| क्र. स. | व्यापारी/ किसानको नाम | फोन नम्बर | दर्ता नम्बर | भण्डारण गरिएको वस्तुको नाम | परिमाण | चिस्यान केन्द्र कोड नम्बर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मादी गाउँपालिका

## अनुसुची -२

### दफा-८) १सँग सम्बन्धित (

मितिः

व्यापारी/किसानको नामः .................................

ठेगानाः .............................

मोवाईल नम्बरः ......................                (नगद रसिद)

| क.स. | भण्डारण गर्ने वस्तुको नाम | दिन | चिस्यान केन्द्र कोड नम्बर | परिमाण | दर | जम्मा रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

माद्री गाउँपालिका